# नेपालमा गरिबीविरुद्ध संघर्ष

एसिया तथा प्रशान्त क्षेत्रबाट गरिबी निवारण गर्नु एसियाली विकास बैंक (एडीबी) को मूलभुत लक्ष्य हो । सुरुवातदेखि नै यसले आफ्ना विकासोन्मुख सदस्य राष्ट्रहरूको गरिबी निवारण प्रयासमा सहायता तथा सहयोग पुऱ्याउँदै आएको छ । नेपालमा सञ्चालित एडीबीका काम-कारबाहीहरूको मुख्य उद्देश्य पनि गरिबी निवारण नै हो । एडीबीले दीगो आर्थिक वृद्धि, एकीकृत सामाजिक विकास र सुशासनलाई सन् १९९९ मा अवलम्बन गरिएको गरिबी निवारण रणनीतिका तीन प्रमुख आधारस्तम्भका रुपमा पहिचान गरेको छ । एडीबीका अन्य सबै प्राथमिकताहरू, जस्तै मानवीय विकास, लैङ्गिक विकास, वातावरण व्यवस्थापन, निजी क्षेत्रको विकास तथा क्षेत्रीय समन्वयले पनि गरिबी निवारणमै योगदान पुऱ्याउनु पर्नेछ ।

## नेपाल र एडीबी

एडीबीका ३१ संस्थापक सदस्यहरूमध्ये नेपाल पनि एक हो । एडीबीका क्षेत्रीय सदस्यहरूमध्ये नेपाल २५ औं ठूलो सेयरधनीमा पर्छ । नेपालले एडीबीको सर्वाधिक सहुलियतपूर्ण एसियाली विकास कोषबाट सहायता पाउँदै आएको छ । विगत पाँच वर्ष अवधिमा नेपालले एडीबीबाट पाएको सहायता वार्षिक औसत ९ करोड ६७ लाख अमेरिकी डलर छ ।

## नेपाल आवासीय नियोग

नेपाल आवासीय नियोगको स्थापना सन् १९८९ नोभेम्बर महिनामा भएको हो । नियोगका प्रमुख जिम्मेवारीहरू एडीबी र सरकारबीचको सहकार्यलाई सुदृढ तुल्याउने तथा अन्य बहुपक्षीय र द्विपक्षीय नियोगहरू, निजी क्षेत्र र गैर-सरकारी संस्था लगायतका नागरिक समाजसँग सुमधुर सम्बन्ध स्थापित गर्नु हो । यसबाहेक एडीबीका सहायताहरूको प्रभावकारिता विस्तारका लागि सहायता समन्वय गर्न र कार्यक्रमहरू दोहोरिन तथा एक-अर्कासँग जुध्नसक्ने सम्भावनालाई निराकरण गर्नमा पनि नियोग सक्रियरुपमा संलग्न रहँदै आएको छ ।

## नेपालमा एडीबीका काम-कारबाहीहरू

एडीबी र श्री ५ को सरकारले नेपालमा गरिबी निवारण गर्ने साझा परिकल्पना गरेका छन् । यसै विषयलाई लिएर एडीबी र श्री ५ को सरकारबीच सन् २००१ अक्टोबर २१ तारिखमा गरिबी निवारण साझेदारी सम्झौतामा हस्ताक्षर भएको थियो ।

यो सम्झौताले संयुक्त राष्ट्र संघको सहश्राब्दी विकास लक्ष्यसँग एकरुपता कायम गर्दै सन् २०१७ सम्मका लागि बाल मृत्युदर, औसत आयु, प्रौढ शिक्षा तथा जनसंख्या वृद्धिसम्बन्धी लक्ष्यहरू निर्धारण गरेको छ । यी लक्ष्यहरू हासिल गर्न श्री ५ को सरकार र एडीबी उत्पादनमूलक रोजगारीका अवसरहरूको सिर्जना, ग्रामीण आय वृद्धि तथा आधारभूत सामाजिक सेवाहरूको सुधारमा केन्द्रित रहने सम्झौतामा उल्लेख छ । ग्रामीण आय वृद्धिका लागि फराकिलो आधार भएको, गरिबमुखी र तीव्रतर वृद्धिलाई प्रमुख माध्यमका रुपमा लिइएको छ ।

## आर्थिक विस्तार

एडीबीले भौतिक तथा सामाजिक पूर्वाधारमा लगानी, सुशासनको प्रवर्द्धन र निजी क्षेत्रको विकासलाई बढावा दिँदै फराकिलो आधार भएको दीगो आर्थिक वृद्धि हासिल गर्नमा नेपाललाई सहायता पुऱ्याइरहेको छ । यसबाहेक उच्च आर्थिक वृद्धिका लागि अर्थतन्त्रको प्रतिस्पर्धात्मक क्षमता र प्रभावकारिता वृद्धिमा सुशासनको महत्वलाई स्वीकार गर्दै एडीबीले नेपाललाई विभिन्न सुधार कार्यक्रमहरू कार्यान्वयन गर्न पनि सहायता गरिरहेको छ । यी सुधार कार्यक्रमहरू खासगरी ऊर्जा, कृषि, सुशासन र वित्तीय क्षेत्र तथा भर्खरै लागू भएको निजी क्षेत्रको व्यवस्थापनसँग सम्बन्धित छन् ।

## पिछडिएका समूहमा सेवा प्रवाह

हालसम्म उपेक्षित र सामाजिक सेवाहरूबाट वञ्चित रहँदै आएका समुदायलाई लक्ष्य गरेर अघि बढ्न सकेमात्र नेपालमा गरिबी निवारणको परिकल्पना साकार हुनसक्छ । यही मान्यतामा आधारित रहेर एडीबीले समाजका सबै पक्षको संलग्नतामा जोड दिँदै आएको छ । यसका लागि महिला, बालिका तथा सामाजिकरुपमा बहिस्कृत जाति तथा अन्य पिछडिएका समुदायसम्म पहुँच विस्तार गर्ने कार्यलाई मुख्य प्राथमिकता दिइएको छ । एडीबीले यस्ता समूहहरूलाई लक्षित गरेर सामुदायिक खानेपानी तथा सरसफाई आयोजना, ग्रामीण लघुवित्त आयोजना र शैक्षिक सुविधाबाट वञ्चित रहेका समूह, अल्पसंख्यक जनजाति तथा बालिकाहरूका लागि समानुपातिकरुपले पढ्नेलेख्ने वातावरण सिर्जना गर्ने किसिमको शैक्षिक लगानीमा जोड दिइरहेको छ ।

## निजी क्षेत्रको विकास

निजी क्षेत्रको विकासमा अवरोध खडा गरिरहेका समस्याहरूमाथि एडीबीले चासो देखाएको छ । गरिबी निवारणका लागि निजी क्षेत्रको विकास अत्यावश्यक हुन्छ । एडीबीले विकासोन्मुख सदस्य राष्ट्रहरूको विकासमा निजी क्षेत्रको सहभागितालाई विस्तार तथा सुदृढ गर्न निजी क्षेत्र

विकास रणनीतिका माध्यमबाट सहायता पुऱ्याउने उद्देश्य लिएको छ । गरिबीविरुद्धको संघर्षमा निजी क्षेत्रको विकास महत्वपूर्ण हुनुका पछाडि निम्न कारण छन् :

१) आर्थिक वृद्धिले श्रमको उपयोग हुने रोजगारी सिर्जना गर्छ । गरिबहरूको मुख्य पुँजी भन्नु नै श्रम हो ।

२) वृद्धिले करको दायरा फराकिलो पार्छ । यसले सरकारलाई आधारभूत सामाजिक सेवाहरू उपलब्ध गराउन सक्षम तुल्याउँछ ।

३) दीगो तथा तीव्रतर वृद्धिका लागि सरकारको तुलनामा निजी क्षेत्रको भूमिका बढी प्रभावकारी हुने कुरालाई आत्मसात् गरिएको छ ।

नेपालमा निजी क्षेत्रको विकास गर्न, एडीबीको सहायताप्राप्त सार्वजनिक क्षेत्र आयोजनाहरूमा निजी क्षेत्रलाई लगानीको अवसर उपलब्ध गराउन, निजी क्षेत्रको लगानी प्रबर्द्धन गर्न तथा सार्वजनिक तथा निजी क्षेत्रको प्रभावकारिता, अनुमान गर्नसक्ने क्षमता, जिम्मेवारीपना र पारदर्शितामा सुधार गरेर असल शासन स्थापनाका लागि एडीबीले सरकारलाई सहयोग गरिरहेको छ।

एडीबीले सरकार-निजी क्षेत्र साझेदारीलाई पनि प्रोत्साहित गरेको छ । यसले ठूला पूर्वाधार आयोजनाहरूसँग सम्बन्धित जोखिम तथा लागत कम गर्न मद्दत गर्छ । एडीबीको सार्वजनिक क्षेत्र आयोजनाले निजी क्षेत्रको सहभागिताका लागि विशेष अवसरहरू उपलब्ध गराउनुका साथै गरिबी निवारणमा ठूलो प्रभाव पार्छ ।

## लैङ्गिक समानताको प्रबर्द्धन

एडीबीले महिलाको आर्थिक तथा सामाजिक सशक्तिकरण गर्दै उनीहरूको 'आवाज' लाई समाजमा स्थापित गराउने कार्यलाई जोड दिएको छ । लैङ्गिक समानता तथा विकासलाई प्रबर्द्धन गर्ने प्रमुख रणनीतिका रुपमा विभिन्न लिङ्गलाई एउटै मूलधारमा ल्याउनेतर्फ कार्यक्रम केन्द्रित गरिएको छ । महिलाप्रति लक्षित सरकारी कार्यक्रम तथा नीतिहरूको कार्यान्वयनमा एडीबीले सहयोग पुऱ्याउँछ । यसमा कृषि तथा पशुपालन आयोजनाअन्तर्गत महिलाहरू लाभान्वित हुने सीप विकास कार्यक्रम पर्छन् । यसले महिलाहरूका लागि लघुवित्त आयोजनामा सहायता पुऱ्याउनुका साथै ग्रामीण लघुवित्त आयोजनाका माध्यमबाट पनि ग्रामीण क्षेत्रलाई सहयोग गरिरहेको छ ।